CONFEDERATION OF BANKS AND FINANCIAL INSTITUTIONS, NEPAL
बैंक तथा वित्तीय संस्था परिसंघ, नेपाल

# सिबिफिन बुलेटिन

वर्ष : ०१ अंक : ०२ २०७९ असार



## सिबिफिनका पदाधिकारीद्वारा देशको आर्थिक अवस्थाबारे सम्माननीय प्रधानमन्त्रीज्यूसँग विशेष छलफल





आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि बजेटको प्रभावकारी कार्यान्वयनमा जोड

**सिबिफिन सचिवालयमा पूर्व अर्थमन्त्री फोरमको बैंठक सम्पन्न**

# हाम्रो दृष्टिकोण

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको विभिन्न आवधिक समीक्षाहरू र अर्थ मन्त्रालयमार्फत आर्थिक वर्ष २०७९/८० को लागि प्रस्तुत बजेटमार्फत औल्याइएका आर्थिक एवं वित्तीय सूचकांकहरूले मुलुकको अर्थतन्त्र संकुचनमा फस्दै गएको स्पष्ट संकेत गरेको छ । सम्पूर्ण निजीक्षेत्रका साथै सरकारको तहमा समेत अर्थतन्त्रका बारेमा बेलाबेलामा विशेष चासोसहित अन्तर्क्रिया छलफल भइरहेको छ । समग्र अर्थतन्त्रमा देखिएका समस्या एवं चुनौतिहरूको स्पष्ट पहिचानसहित सोको निदानका लागि सरोकारवाला सम्पूर्ण पक्षहरू निकै चनाखो हुँदै एकजुट भई अगाडि बढ्नुपर्ने अहिलेको प्रमुख आवश्यकता बनेको छ ।

विगत केही समय अघिदेखि नै अर्थतन्त्रका महत्वपूर्ण आँकडाहरु ऋणात्मक दिशातर्फ उन्मुख हुँदै गरेको सन्दर्भमा बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) ले तत्कालिन समयमा सान्दर्भिक विषयहरूमा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, सरोकारवाला पक्षहरू र संचार क्षेत्रसँग निरन्तर छलफल, संवाद तथा बहस गर्दै समेत आएको छ । समयसापेक्षरूपमा परिसंघले आर्थिक क्षेत्रका विभिन्न विषयहरूमा विषयविज्ञ तथा त्रिभुवन विश्वविद्यालय, केन्द्रीय अर्थशास्त्र विभाग जस्तो प्राज्ञिक संस्थासँगको सहकार्यमा वृहत अध्ययन तथा अनुसन्धान गरी सुझावसहितका प्रतिवेदनहरू सम्बन्धित निकायहरूमा पेश गर्दै ध्यानाकर्षण समेत गराउँदै आएको छ ।

विगत केही सयमदेखि हालसम्म कायम रहेको तरलताको समस्या समाधानका विषयमा समेत सिबिफिनले वृहत अध्ययन तथा अनुसन्धान गरी सो प्रतिवेदन सम्बन्धित निकायहरूमा बुझाउँदै आएको छ । सिबिफिनका कतिपय सुझावहरूलाई नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको समीक्षामार्फत कार्यान्वयनमा ल्याएको र केही सुझावहरू आ.व. २०७९/८० को लागि प्रस्तुत बजेटले सम्बोधन गरी कार्यान्वयनको दिशातर्फ उन्मुख रहेको छ । यसले सिबिफिन आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्दै समग्र बैंकिङ क्षेत्रको स्वस्थ्य एवं मर्यादित ढंगले विकास गर्नका लागि एउटा महत्वपूर्ण साझा संस्थाको रूपमा स्थापित हुन सकेको छ ।

यसै सन्दर्भमा सिबिफिनले वर्तमान समयमा चुलिदै गएको व्यापार घाटाको विषयलाई हृदयंगम गर्दै नेपालमा विप्रेषण र बैक तथा वित्तीय क्षेत्रबाट निजी क्षेत्रमा प्रवाह हुने ऋणले नेपालको व्यापार घाटामा के कस्तो प्रभाव पारेको छ, के-कस्ता समस्याहरू भए, यी समस्याहरूलाई कसरी समाधान गर्न सकिन्छ र नेपालको राष्ट्रिय हितको जगेर्ना कसरी गर्न सकिन्छ भन्नेबारेमा त्रिभुवन विश्वविद्यालय, केन्द्रीय अर्थशास्त्र विभागसँगको सहकार्यमा अध्ययन/अनुसन्धान गरी तयार गरेको सुझावसहितको अध्ययन प्रतिवेदन, २०७९ साथै मौद्रिक नीतिका विषयमा तयार गरिएको रायसुझावहरू पनि नेपाल राष्ट्र बैंकसमक्ष बुझाएको छ । त्यसैगरी अर्थतन्त्रको समग्र सुधारका विषयमा सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवासमक्ष मिति २०७९ असार १६ गते भेटघाट गरी अध्ययन प्रतिवेदन र सुझावहरू पेश गरेको छ । सिबिफिनले मौद्रिक नीतिसम्बधी आफ्ना सुझावहरूलाई मौखिक तथा लिखितरूपमा नेपाल राष्ट्र बैंक समक्ष पेश गरेको छ ।

सिबिफिनले विभिन्न समयमा सरोकारवाला निकायहरूमा बुझाएको अध्ययन प्रतिवेदनका साथै मौद्रिक नीतिसँग सम्बन्धित सुझावहरूको सार यस प्रकार रहेको छ;

- स्थानीय निकायको रकमलाई शतप्रतिशत निक्षेप गणना गर्न दिने व्यवस्थाले उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्न मद्दत पुग्ने ।
- अनावश्यक र विलाशिताका वस्तुहरूको आयातमा गरिएको कडाइलाई थप निरन्तरता दिँदै निर्यात प्रवर्द्धन गर्न उत्पादनमुलक क्षेत्रमा लगानी विस्तार गर्ने ।
- विप्रेषण आप्रवाहमा विशेष व्यवस्थापन गर्ने- विप्रेषणको निश्चित हिस्सालाई बचत गर्न आकर्षित गर्ने योजनाहरू ल्याउने, विप्रेषणमा विशेष व्याजदर उपलब्ध गराउने, बीमामा विशेष सुविधा उपलब्ध गराउने, सामाजिक सुरक्षा कोषमा सहभागी गराउने, नेपालमा फर्केर उद्योग सञ्चालन गर्न चाहेमा निजको क्षमतालाई विश्लेषण गरी निजले बचत गरेको रकमको दशौं गुणासम्म सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने, आइपिओमा १०% आरक्षणको व्यवस्था गर्ने, गैरआवासीय नेपालीहरूका लागि आकर्षक बचत र उत्पादनजन्य उद्योगमा लगानी गर्न विशेष योजना जस्ता व्यवस्थाहरू लागू गर्नु आजको आवश्यकता बनेको छ ।
- मौजुदा कर्जा निक्षेप अनुपात (सीडी रेसियो) लाई ९५ प्रतिशत पुऱ्याइ उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार गर्नका लागि प्रोत्साहन गर्ने साथै बैंक तथा वित्तीय संस्थाहरूले आर्जन गरेको मुनाफा वितरण पूर्व व्यवस्था अनुरूपनै हुनुपर्दछ । ।
- व्यापार/व्यवसाय गर्ने वातावरण सुधार गरेर बैंकिङ क्षेत्रबाट निजी क्षेत्रलाई जाने कर्जाका सन्दर्भमा पनि उत्पादनजन्य उद्योगहरुमा केन्द्रित गर्ने वातावरण निर्माण गर्नुपर्ने जसले गर्दा औद्योगिकरणको लागि पूँजी पर्याप्त हुने र व्यापारघाटा कम गर्नको लागि योगदान पुग्ने ।
- कृषि तथा पर्यटनजन्य उद्योगहरु, साना, घरेलु तथा मझौला उद्योगहरु, रोजगार एवं निर्यातमूलक उद्योगहरू, पूर्वाधार विकास-निर्माणजन्य उद्योगहरू जस्ता क्षेत्रमा लगानी केन्द्रित गर्ने नीति अवलम्बन गरिनुपर्दछ । साथै यस्ता प्रकारका उद्योगहरूमा अफ टाइममा सस्तो दरमा विद्युत उपलब्ध गराइनुपर्दछ ।
- अनुत्पादक वा कम उत्पादक क्षेत्रमा प्रवाह हुने ऋणभन्दा उत्पादनजन्य उद्योगहरुमा प्रवाह हुने ऋणको व्याजदरमा ४ प्रतिशत कम गरी उपलब्ध गराउने ।
- महिलाहरूले आफ्नो नाममा २५ लाख रुपैयासम्म बैंक तथा वित्तीय संस्थामा निक्षेप जम्मा गर्दा उक्त रकमको स्रोत नचाहिने व्यवस्था गर्दा महिलाहरूको आर्थिक एवं सामाजिक शसक्तिकरणमा टेवा पुग्नुको साथै आर्थिक तरलतामा सहयोग पुग्ने ।
- कृषि परियोजना गर्ने सूचिकृत कम्पनीलाई उर्जामा जस्तै लगानी गर्दा स्रोत नचाहिने व्यवस्था गर्दा सबल राष्ट्रिय अर्थतन्त्र निर्माणका साथै आयात प्रतिस्थापनमा सहयोग पुग्ने देखिन्छ ।
- ठूला उत्पादनजन्य कम्पनीहरूलाई अन्तर्राष्ट्रिय कम्पनीहरुको उत्पादन सञ्जालसँग जोड्नका लागि आवश्यक ऋण प्रवाहको व्यवस्था मिलाउने ।
- उत्पादनजन्य उद्योगहरूमा बढी ऋण प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थालाई सम्मान र पुरस्कारको व्यवस्था गर्ने ।
- अति आवश्यक कृषिजन्य कच्चा पदार्थ बाहेक अन्य कृषिजन्य वस्तु तथा सामाग्रीको आयातमा रोक लगाउने।
- नेपाली मौलिक वस्तुहरूको उत्पादनमा लगानी विस्तार गर्ने, निर्यात प्रवर्द्धन गर्ने, उपयोगमा विशेष जोड दिने। जस्तै; नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, संघीय/प्रदेश/स्थानीय निकायका कर्मचारी र विद्यार्थीहरूको पोशाक, जुत्ता, व्याग, पिउने पानी आदि नेपाली उत्पादनलाई प्राथमिकता दिने ।
- फजुल खर्च र अनावश्यक वस्तु तथा सेवाको प्रयोगलाई निरूत्साहित गर्दै वचत गर्न प्रोत्साहन गर्ने ।

कोभिड-१९ र विभिन्न विश्व घटनाक्रमले कमजोर बन्दै गएको उत्पादन तथा आपूर्ति श्रृंखलाको प्रत्यक्ष प्रभावबाट साँघुरिदै गएको नेपालको अर्थतन्त्रमा देखापरिरहेका समग्र समस्या एवं चुनौतिहरूको न्यूनीकरण तथा समाधानका लागि नेपाल सरकार, नियामक निकाय र सरोकारावाला पक्षहरूसँग सहकार्य गर्दै सबल, सक्षम र आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) निरन्तर लागिरहने प्रतिबद्धता समेत व्यक्त गर्दछ ।

**– डा. गोपालप्रसाद तिवारी**

महानिर्देशक, सिबिफिन

Published By

CBFIN Secretariat, CTC Mall, Sundhara, Kathmandu.

Phone : 01-4254552, E-mail : cbfinepal@gmail.com, Web : www.cbfinepal.com

# सिबिफिनको सहकार्यमा एक्स्क्लुसिभ लिडरसिप कार्यक्रम सम्पन्न





विश्वविख्यात मोटिभेसनल स्पिकर तथा नेतृत्व विकासका प्रशिक्षक डा. विवेक बिन्द्राको उत्प्रेरक कार्यक्रम- एक्सक्लुसिभ लिडरसिप कार्यक्रम ह्यात प्लेस होटल, ताहाचल, काठमाडौंमा सम्पन्न भएको छ ।

९ विद्यामा गिनीज बुक अफ वोर्ल्ड रेकर्डस् कायम गर्न सफल एवं चर्चित डा. विवेक बिन्द्राद्वारा प्रशिक्षित उक्त कार्यक्रम विहान १० बजेदेखि बेलुका ५:३० बजेसम्म संचालन भएको थियो ।

सिबिफिन, ज्ञानपुञ्ज स्कुल अफ लिडरसिप र जिनिअस इन्साइडर प्रा.ली.को संयुक्त सहकार्यमा आयोजित उक्त कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका अध्यक्ष एवं संचालक, विभिन्न व्यवसायिक संघ/संस्थाका नेतृत्वगण तथा उच्च व्यवस्थापनका अधिकारीहरूको सघन उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा नेतृत्व विकास, उद्यम तथा व्यवसायहरूको पुनरोत्थान, नयाँ उद्यम तथा व्यवसायको संचालन र दीर्घकालिन रूपमा संस्थालाई प्रगतिको पथमा कसरी लैजाने भन्ने विषयहरूमा डा. बिन्द्राले विशेष प्रशिक्षण दिनुभएको थियो ।



दुई सत्रमा संचालित उक्त कार्यक्रमको पहिलो सत्रको समाप्तिपछिको मध्यान्तर समयमा बोल्दै सिबिफिनका वरिष्ठ उपाध्यक्ष एवं प्रवक्ता श्री भोजबहादुर शाहले विभिन्न व्यावसायिक एवं सेवामूलक क्षेत्रका उद्यमी-व्यवसायी तथा नयाँ उद्यम गर्न चाहनेहरूको व्यवसायिक सफलताका लागि यस कार्यक्रमबाट आशा, उत्साह, उत्प्रेरणा र हौसला मिलेको बताउनुभयो ।

सहभागीहरूको रिफ्रेसमेन्टका लागि कार्यक्रमको मध्यान्तरमा सहभागीहरूवीच अन्तरक्रिया समेत गराइएको थियो । उक्त अन्तरक्रियामा बोल्दै सिबिफिनका महानिर्देशक श्री गोपाल प्रसाद तिवारीले डा. विन्द्रबाट प्राप्त ज्ञान, सीप र कलाले नेपाली व्यवसायी र व्यवसायहरूको विकास एवं विस्तार गर्न महत्वपूर्ण सहयोग पुग्ने बताउनुभयो । त्यसैगरी विभिन्न सहभागीहरूले समेत कार्यक्रम उपलब्धीमूलक रहको धारणाहरू राखेका थिए ।

कार्यक्रमको समापनपछि सिबिफिनका अध्यक्ष श्री पवनकुमार गोल्यानले डा. विवेक बिन्द्रालाई श्री पशुपतिनाथ र देवीहरूको चित्र अंकित मायाको चिनो प्रदान गर्दै विशेष धन्यवाद ज्ञापन गर्नुभएको थियो ।




# सिबिफिनको आधिकारिक वेभसाइट सार्वजनिक गरिएको बारे

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)ले सम्पादन गर्दै आएका विविध महत्वपूर्ण कार्यहरू, संस्थागत सूचना तथा जानकारी र नेपाल सरकार, एंव मातहतका नियामक निकाय, स्वदेशी तथा विदेशी संघ-संस्थाहरूसँगको सहकार्यमा भएका/भइरहेका र हुने विभिन्न कार्यक्रमहरूको वारेमा जानकारीहरू सरोकारवाला सम्पूर्ण पक्षहरूसमक्ष पुऱ्याउने, बैंक तथा वित्तीय क्षेत्रको सुधार तथा स्तरोन्नति र समृद्ध एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि सरोकारवाला सम्पूर्णबाट पृष्ठपोषण लिने र विचार मन्थन गर्ने थलोकोरूपमा विकास तथा बिस्तार गर्दै जाने उद्देश्यले सिबिफिनले आफ्नो आधिकारिक वेभसाइट निर्माण गरी आफ्ना गतिविधिलाई जीवन्त बनाएको व्यहोरा सहर्ष जानकारी गराउदछौ ।

यसै वेभसाइटमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धलाई विस्तार एवं थप मजबुत बनाउदै राष्ट्रिय, बहुराष्ट्रिय र बहुपक्षीय सहयोग, सहकार्य र समन्वयको कार्यलाई अगाडि बढाउने नेटवर्ककोरूपमा स्थापित गर्दै जाने लक्ष्य लिइएको छ । तसर्थ, यस संस्थासँग सम्बन्धित विषयवस्तुहरूमा जानकारी लिन/दिनका लागि निरन्तर वेभसाइट अवलोकलन गर्न अनुरोध गर्दै, यहाँहरू सबैबाट प्राप्त हुने अमूल्य सुझावका आधारमा यस वेभसाइटलाई थप परिस्कृत बनाउँदै लगिने व्यहोरा समेत सबैमा अनुरोध छ ।




CBFIN Website Link:

https://cbfinepal.com/

**सम्पर्क व्यक्ति :**
नाम : डा. गोपालप्रसाद तिवारी
पदः महानिर्देशक
मोवाइल नं. : ९८४१३३३२२६
Email : cbfinepal@gmail.com
सिबिफिन सचिवालय
सिटिसी मल, नवौं तला, सुन्धारा, काठमाडौं



# पूर्व अर्थमन्त्री फोरमको बैंठक सम्पन्न

# आगामी बजेटले नीतिगत फड्को लिनुपर्नेमा जोड

आर्थिक वर्ष २०७९/०८० को बजेटमा केन्द्रित भइ पूर्व अर्थमन्त्री फोरमको बैंठक सम्पन्न भएको छ ।

बैंठकमा दिगो आर्थिक विकासका लक्ष्यहरूको प्राप्ति, लगानी प्रवर्द्धन, नीतिगत सुधार, कृषि क्षेत्रको सुधार तथा प्रवर्द्धन, शिक्षा, पर्यटन, निर्यात प्रबर्द्धन, पूँजिगत खर्च वृद्धिलगायतका महत्वपूर्ण विषयहरूमा आगामी बजेटमार्फत कसरी सम्बोधन गर्ने/गराउने भन्ने विषयहरूमा व्यापक छलफल तथा अन्तरक्रिया भएको थियो ।



देशको वर्तमान आर्थिक अवस्था चुनौतिपूर्ण बन्दै गइरहेको सन्दर्भमा नीतिगत तथा क्षेत्रगत सुधारमा फड्को मार्नुपर्नेमा सहभागीहरूको मतैक्य रहेको थियो ।

आगामी बजेटको आकार बढाउदा विचार गर्नुपर्ने, मुलुकको खर्च व्यवस्थापनमा संतुलन कायम गर्नुपर्ने, सामाजिक सुरक्षामा खर्च बढ्दै गइरहेकोले राष्ट्रिय सहमतिका आधारमा व्यवस्थापन गर्दै जानुपर्ने, उत्पादकत्व वृद्धिमा जोड दिँदै निर्यात प्रबर्द्धन गर्नुपर्ने, प्रोत्साहनसहित विप्रेषणलाई बैंकिङ च्यानलबाट व्यवस्थित तथा बढवा दिने गरी आकर्षित गराइनुपर्ने, निर्देशित लगानीका विषयमा पुनर्विचार गर्ने जस्ता महत्वपुर्ण विषयहरूमा बैंठकमा सहभागी विज्ञहरूले सुझाव प्रस्तुत गर्नुभएको थियो ।

त्यसैगरी कृषि तथा वन क्षेत्रको विकासका लागि जैविक विविधता (Bio Diversity) लाई ध्यान दिइ प्रवर्द्धन गरिनुपर्ने

**आगामी बजेटले नीतिगत सुधारमा फड्को मार्न सक्यो भने मात्र वर्तमान अवस्थामा देखिएको कमजोर आर्थिक अवस्थालाई सुधार गर्न सकिने बैंठकको निष्कर्ष रहेको छ**

विषयमा बैंठकमा छलफल भएको थियो ।

स्थानीय सरकारलाई बलियो बनाइ स्थानीय घरेलु, साना तथा मझौला व्यवसायलाई स्तरोन्नति गर्दै आवश्यक पूर्वाधारहरूको निर्माण, (कस्टम हायरिङ सेन्टर, कोल्ड स्टोरेज, एग्रो प्रोसेसिङ जोन, भण्डारण, बजार व्यवस्थापन) रोजगारी तथा उत्पादन वृद्धिमा बैंठकमा विशेष जोड दिइएको थियो ।

आगामी बजेटले नीतिगत सुधारमा फड्को मार्न सक्यो भने मात्र वर्तमान अवस्थामा देखिएको कमजोर आर्थिक अवस्थालाई सुधार गर्न सकिने बैंठकको निष्कर्ष रहेको र फोरमको बैंठकमा प्राप्त भएका रायसुझावहरूलाई लिपिबद्ध गरी माननीय अर्थमन्त्रीज्यूसँग प्रत्यक्ष भेटघाट गरी बुझाइने फोरमका सदस्य सचिव माननीय बिमल केडियाले बताउनुभयो ।

बैशाख १४ गते सम्पन्न फोरमको उक्त बैंठकमा पूर्व अर्थमन्त्रीहरू माननीय सुरेन्द्र पाण्डे, माननीय डा. रामशरण महत, माननीय बर्षमान पुन, डा. युवराज खतिवडासहित फोरमका सदस्य-सचिव विमल केडिया, पूर्व अर्थसचिव श्री रामेश्वर खनाल, पूर्व सचिव श्री शंकर अधिकारी, बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)का अध्यक्ष श्री पवनकुमार गोल्यान र वरिष्ठ उपाध्यक्ष एवं प्रवक्ता श्री भोजबहादुर शाहलगायतको उपस्थिति रहेको थियो ।



# CBFIN र IFC/WBG को संयुक्त सहकार्यमा सुरक्षित कारोबार र कर्जा विविधीकरण विषयक कार्यक्रम सम्पन्न

बैंक तथा वित्तिय संस्था परिसंघ नेपाल (सिबिफिन) र अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी/विश्व बैंक समुह) को संयुक्त आयोजनमा सुरक्षित कारोबार र कर्जा विविधिकरण विषयमा काठमाण्डौमा कार्यक्रम सम्पन्न भएको छ ।

नेपालमा निजी क्षेत्र-विशेषगरी घरेलु, लघु, साना तथा मझौला उद्यमहरूलाई (MSMEs), नेपाली अर्थतन्त्रको आधारस्तम्भ मानिन्छ, वित्तीय साधनको पहुँचमा कठिनाइ हुनुले उनीहरूको विकास एवं विस्तारमा बाधा पुगिरहेको आम गुनासो आइरहेको सन्दर्भमा कर्जा विविधिकरणलाई प्रोत्साहन गर्न एवं वित्तिय पहुँच अभिवृद्धिका लागि सिबिफिन र आईएफसी, (विश्व बैंकको सदस्य संस्था) ले उक्त कार्यक्रमको आयोजना गरेका हो ।

नेपालमा लघु, घरेलु, साना तथा मझौला उद्यमहरू (MSMEs) को क्रेडिट ग्याप करिब ३.६ अरब रूपैया रहेको विश्व बैंकको तथ्यांकले देखाएको छ । विकास निर्माणको



करिब ९८ प्रतिशत हिस्सा ओगटेको र करिब ५७ प्रतिशत श्रमशक्तिलाई रोजगारी प्रदान गरिरहेको यस क्षेत्रको अति महत्वपूर्ण योगदान रहदा रहदै पनि घरजग्गा धितोको अभावका कारण कर्जा र वित्तीय पहुँचमा समस्या झेल्दै आइरहेका छन् । मुलतः यसै विषयलाई मध्यनजर गर्दै सुरक्षित कारोबार ऐनमा भएका व्यवस्थाहरूको सुधार गर्दै बैंक तथा वित्तिय संस्थालाई कर्जा विविधिकरण गर्न प्रोत्साहन गर्नु र MSMEs हरूको वित्तीय पहुँचमा सहयोग पुर्‍याउनु उक्त कार्यक्रमको उद्देश्य रहेको थियो ।

"अहिलेको उन्नत बजारमा चल सम्पत्तिलाई बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्राप्तीका लागि धितोको प्राथमिक आधारको रूपमा प्रयोग गर्ने गरिन्छ", आईएफसी/विश्व बैंकको तर्फबाट नेपालका लागि आवासीय प्रतिनिधि बाबाकर एस. फायले बताउनुभयो । उहाले भन्नुभयो, "हाल प्रचलित चल धितो सम्पत्तिले वित्तिय एवं आर्थिक विकास र कर्जाको जोखिम एवं कर्जा लागत न्यूनिकरण गर्नुका साथै लघु, घरेलु, साना तथा मझौला उद्यमहरू(एमएसएमई) हरूको वित्तीय पहुँच बढाउन मद्दत पुर्‍याउछ ।"

सिबिफिनका अध्यक्ष पवन कुमार गोल्यानले भन्नुभयो, "चल धितो सम्पत्तिको अवधारणाले लघु, साना तथा मझौला उद्यमी तथा व्यवसायी, कृषि व्यवसायी कारोबारी एवं पूर्वाधार विकास कम्पनीहरूको वित्तीय पहुँचसहित विकास एवं विस्तारमा महत्वपूर्ण सहयोग पुग्नेछ ।" उहाँले लघु, घरेलु, साना तथा मझौला उद्यम (एमएसएमई) र संस्थागत क्षेत्रको वित्तीय पहुँच बढाउन एवं वित्तीय समावेशीकरण र आयात प्रतिस्थापनको वृहत उद्देश्य प्राप्त गर्न देशका सम्पूर्ण सरोकारवाला निकायले एकजुट भएर चल धितो सम्पतिको अवधारणालाई प्रोत्साहन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी/विश्व बैंक) का विषयविज्ञहरूले सुरक्षित कारोबार र वित्तीय पहुँच विस्तारका व्यवसायिक उदाहरणहरू प्रस्तुत गर्दै, नेपालमा धितो दर्ताको भूमिका र सुरक्षित कारोबार तथा वित्तीय पहुँचलाई अझ प्रभावकारी र सुदृढ बनाउन के गर्न सकिन्छ भन्ने विषयमा कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो ।

विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट सहभागिता जनाएका प्रतिनिधिहरूले नेपालमा सुरक्षित कारोबार, चल धितो सम्पत्ति र वित्तीय पहुँच अभिवृद्धिका विषयमा थप जानकारी दिएको र कार्यक्रमले सकारात्मक प्रभाव पार्ने बताएका थिए ।

यस कार्यक्रममा आइएफसीका उच्च अधिकारी तथा विज्ञ, बैंक तथा वित्तीय संस्थाहरूका अध्यक्ष तथा संचालक, बैंक तथा वित्तीय संस्थाका सम्बन्धित उच्च अधिकारीहरू, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधी र कानुनी विज्ञहरूको सहभागिता रहेको थियो ।






# आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि बजेटको प्रभावकारी कार्यान्वयनमा जोड

आर्थिक बर्ष २०७९/०८० को लागि प्रस्तुत बजेट र बजेटले व्यवस्था गरेका विषयहरूमा केन्द्रित भइ नेपाल आर्थिक संघ, बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल र अर्थमन्त्रालयको सहकार्यमा आयोजित वृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

संसदको दुवै सदनमा समेत व्यापक छलफल चलिरहेको सन्दर्भमा बजेटले समावेश गरेका नीति, योजना तथा कार्यक्रमहरूको कार्यान्वयनको विषयलाई लिएर आयोजित उक्त अन्तरक्रिया कार्यक्रममा अर्थमन्त्री जनार्दन शर्माको प्रमुख आतिथ्यता रहेको थियो भने अर्थ मन्त्रालयका वरिष्ठ आर्थिक सल्लाहकार डा. सुरेन्द्र उप्रेती र अर्थ सचिव मधुकुमार मरासिनी, वरिष्ठ अर्थविद्, प्राध्यापक, बैंक तथा वित्तीय संस्था परिसंघ नेपालका अध्यक्ष पवनकुमार गोल्यान, वरिष्ठ उपाध्यक्ष भोजबहादुर शाह, उपाध्यक्ष राजेश उपाध्याय, विभिन्न बैंक तथा वित्तीय संस्थाका अध्यक्ष एवं संचालकहरू र वरिष्ठ पत्रकारहरूसहित करिब १२० जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रमका प्रमुख वक्ता वरिष्ठ अर्थशास्त्री तथा नेपाल आर्थिक संघका अध्यक्ष प्रा.डा. विश्वम्भर प्याकुऱ्यालले वजेटका विषयमा कार्यपत्र प्रस्तुत गर्दै, बजेट समग्रतामा सकारात्मक भए तापनि राजश्व लक्ष्य प्राप्तिमा कठिनाइ हुने, मुद्रास्फिति र सार्वजनिक ऋण थप बढ्न सक्ने बताउनुभयो । "ऋण ३६




प्रतिशतबाट बढेर ४४.५ प्रतिशतसम्म पुगेको छ, तर विश्व बैंकको प्रतिवेदनहरु अध्ययन गर्दा यस्तो ऋण ७७ प्रतिशतसम्म हुँदासम्म डराउन नपर्ने पाएको छ ।" वहाँले भन्नुभयो, '




यो भन्दा बढी भएमा भने जोखिमको तह उच्च दरमा बढ्ने उल्लेख गरिएकोले विशेष ध्यान दिनुपर्दछ ।'

अर्थविद डा. पोषराज पाण्डेले तथ्यांक केलाउँदा बजेटले पोलिसी डिरेक्सन र आशा मात्रै जगाउने खालको देखिएको भएतापनि सकारात्मक सोच र सफा नियतका साथ बजेट आएको बताए । वरिष्ठ अर्थविद् प्रा.डा. गोविन्द नेपालले बजेट समावेशी र रूपान्तरणकारी भएको र विभिन्न कार्यक्रम तथा परियोजनाहरूको कार्यान्वयनका लागि गहिरो अध्ययन आवश्यक रहेको औल्याउदै गृहिणीदेखि वैदेशिक रोजगारीमा गएका नेपालीहरूसम्मलाई समेत खुशी तुल्याउने गरी बजेट आएको बताउनुभयो ।

सिबिफिनका अध्यक्ष पवनकुमार गोल्यानले कृषि, उत्पादन, रोजगारी, आयात प्रतिस्थापन र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा केन्द्रित भइ सकारात्मक सोचका साथ बजेट आएको तर तरलता अभावको समस्या समाधानका विषयमा भने ठोस योजना आउन नसकेको र कतिपय कर छुटका व्यवस्थाहरूले निर्यात प्रबर्द्धन भन्दा पनि आयातलाई प्रश्रय दिने हो कि भन्ने शंका उत्पन्न गराएको बताउनुभयो ।

अर्थ सचिव मधुकुमार मरासिनीले अर्थतन्त्रमा केही चाप परेको अवस्था देखिएको भएतापनि विगत ४-५ बर्षका बजेटहरूको श्रृखंला अध्ययन गर्दै तथ्याङ्किय हिसावबाट बजेट सिमाभित्रै रहने गरी ल्याइएको बताउनुभयो । वहाँले भन्नुभयो, "बजेट राजनैतिक-आर्थिक दस्तावेज पनि भएकोले केही महत्वकांक्षा यसले पनि बोकेको छ, तर प्राकृतिक स्रोतहरूले भरिपूर्ण र अपार संभावना बोकेको हाम्रो देशमा बजेटले निर्देश गरेका विषयहरूको कार्यान्वयनमा हामी प्रतिबद्ध भएर लाग्यौ भने हाम्रो सपना सार्थक हुनेछ ।" त्यसैगरी अर्थ मन्त्रालयका वरिष्ठ सल्लाहकार डा. सुरेन्द्र उप्रेतीले बजेट निर्माणको क्रममा आम जनता र सरोकारवाला सवै क्षेत्रको अपेक्षा र आवश्यकताहरू समेट्दै सबैलाई अपनत्व महशुस हुने गरी बजेट आएको बताउनुभयो । वहाँले भन्नुभयो, "बजेटले प्रदेश र स्थानीय निकायलाई ठूलो मात्रामा वित्तिय हस्तान्तरणसहित सशक्त बनाएको हुँदा बजेट प्रभावकारीरूपमा कार्यान्वयन हुन्छ ।"

सिबिफिनका महानिर्देशक गोपाल प्रसाद तिवारीद्वारा संचालित उक्त कार्यक्रममा प्रमुख अतिथि अर्थमन्त्री जनार्दन शर्माले बजेटमा सबैको अपनत्व हुने गरी बजेट ल्याइएको बताउनुभयो । 'बजेट निर्माण पूर्व हरेक सरोकारवाला पक्षहरूसँग छलफल तथा अन्तरक्रिया गरी सरोकारवालाहरूकै सुझाव, आवश्यकता, अपेक्षा र सिफारिसहरूका आधारमा बजेट निर्माण गरिएको हुँदा यो बजेट तपाईंहरूको हो, प्रतिनिधिकोरूपमा मैले प्रस्तुती मात्रै गरेको हुँ भन्दै 'मेरो क्षमताले भ्याएसम्म सबैका विषयहरूलाई सम्बोधन गर्ने गरी बजेट बनाएको छु । अब सबैले स्वामित्व ग्रहण गरी प्रतिबद्ध भएर कार्यान्वयनतर्फ अग्रसर होऔं ।' वहाँले बजेट कार्यान्वयनमा सहयोग गरेर मुलुकलाई आत्मनिर्भर र समाजवादउन्मुख सबल अर्थतन्त्र निर्माण गर्ने लक्ष्यमा सहयोग गर्न सबै पक्षहरूलाई समेत आग्रह गर्नुभयो ।



# बैंक तथा वित्तीय क्षेत्रको वर्तमान अवस्था, चुनौति र आगामी कार्यदिशाका विषयमा छलफल







> **बैंक तथा वित्तीय संस्थाहरुको वीचको स्वस्थ प्रतिस्पर्धा र आपसी समन्वय, सहकार्य र सहयोग आदानप्रदान गर्नुपर्नेमा जोड दिँदै सहभागी विद्धत वर्गबाट अमूल्य रायसुभाव प्राप्त हुने अपेक्षा व्यक्त गर्नुभयो**

नेपालको बैंक तथा वित्तीय क्षेत्रको वर्तमान अवस्था, चुनौति र आगामी कार्यदिशामा केन्द्रित रहेर विशेष छलफल तथा अन्तरक्रिया कार्यक्रम मिति २०७९ असार १ गते, बुधवार, ताहाचल, काठमाडौंस्थित हयात प्लेस होटलमा सम्पन्न भएको छ ।

आगामी आर्थिक वर्ष २०७९/८० को लागि प्रस्तुत भएको बजेट र नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्षको लागि तर्जुमा गर्दै गरेको मौद्रिक नीतिलाई मध्यनजर गर्दै आयोजित यस कार्यक्रममा वाणिज्य बैंक, विकास बैंक तथा फाइनान्स कम्पनीहरूका अध्यक्ष तथा संचालकहरू गरी करिब ५५ जना भन्दा बढिको सघन उपस्थितिमा सम्पन्न उक्त कार्यक्रम सिबिफिनले आयोजना गरेको थियो ।

कार्यक्रममा सहभागी सम्पूर्ण अध्यक्ष तथा संचालकहरूलाई स्वागत गर्दै सिबिफिनका वरिष्ठ उपाध्यक्ष श्री भोजबहादुर शाहले देशको अर्थतन्त्रमा चरम दबाव परिरहेको वर्तमान अवस्थामा प्रस्तुत भएको बजेट र बजेटमा भएका व्यवस्थाहरूको कार्यान्वयन तथा लक्ष्य प्राप्तिका लागि राष्ट्र बैंकले मौद्रिक नीति तर्जुमा गरिरहेको सन्दर्भमा आयोजित यस कार्यक्रमको महत्व, औचित्य र आवश्यकतामाथि प्रकाश पार्नुभएको थियो । वहाँले हाम्रा विचमा स्वस्थ प्रतिस्पर्धा र आपसी समन्वय, सहकार्य र सहयोग आदानप्रदान गर्नुपर्नेमा जोड दिँदै सहभागी विद्धत वर्गबाट अमूल्य रायसुभाव प्राप्त हुने अपेक्षा व्यक्त गर्नुभयो ।

कार्यक्रममा सिबिफिनको प्रार्दुभाव, उद्देश्य र यस संस्थाले

सम्पादन गरिरहेका महत्वपूर्ण कार्यहरू तथा प्राप्त संस्थागत उपलब्धीहरू समेटिएको जानकारीमूलक संक्षिप्त कार्यपत्र सिबिफिनका महानिर्देशक श्री गोपाल प्रसाद तिवारीले प्रस्तुत गर्नुभएको थियो ।

बैंक तथा वित्तीय क्षेत्रमा कायम गर्नुपर्ने संस्थागत सुशासन तथा सुधारका विषयमा सिबिफिनमार्फत तयार गरिएको अध्ययन प्रतिवेदन बैकिङविज्ञ श्री बिएन घर्तीले प्रस्तुत गर्नुभएको थियो । सिबिफिनले उक्त अध्ययन प्रतिवेदन तर्जुमा गरी प्रस्तुत गर्नुको औचित्य तथा आवश्यकतामाथि प्रकाश पार्दै सिबिफिनका अध्यक्ष श्री पवनकुमार गोल्यानले वर्तमान अवस्थाको मूल्यांकन गर्दा आगामी दिन झन जटिल र भयावह हुन सक्ने संकेत गर्दै समग्र बैंक तथा वित्तीय क्षेत्रको सुरक्षित भविष्यका लागि सजग र सचेत भइ बैंक तथा वित्तीय क्षेत्रले निर्वाह गर्नुपर्ने भूमिका, अपनाउनुपर्ने संयमता र कायम गर्नुपर्ने स्वशासनका विषयहरू औल्याउँदै यस क्षेत्रको सुधार र उन्नयनका लागि एकाकार भइ अगाडि बढ्नुपर्नेमा विशेष जोड दिनुभयो ।

त्यसैगरी संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा रूपान्तरण गर्ने विषयमा बैंक तथा वित्तीय संस्था ऐन, ०७३ को दफा ११ को उपदफा ४ मा भएको व्यवस्था, त्यसको कानुनी स्पष्टता, कार्यान्वयनको सन्दर्भमा नेपाल राष्ट्र बैंकद्वारा गरिएको परिभाषा तथा व्याख्या, कार्यान्वयनका जटिल पक्षहरू र विकल्प जस्ता विषयमा अध्ययनसहित सिबिफिनकै पहलमा तयार गरिएको अध्ययन प्रतिवेदन अधिवक्ता श्री प्रवीण सुवेदीले प्रस्तुत गर्नुभएको थियो । उक्त विषयमा थप सहजीकरण गर्दै सिबिफिनका कार्यकारिणी सदस्य तथा वरिष्ठ अधिवक्ता श्री उपेन्द्रकेशरी न्यौपानेले संस्थागत शेयर रूपान्तरण गर्ने व्यवस्थाको कानुनी अर्थ, मर्म र कार्यान्वयनका विषयमा प्रष्ट पार्नुभएको थियो ।

उल्लेखित कार्यपत्रहरूको प्रस्तुतिपछिको खुला छलफल तथा अन्तरक्रिया सत्रमा विभिन्न बैंक तथा वित्तीय संस्थाका



अध्यक्ष तथा संचालकहरूले सिबिफिनले सम्पादन गर्दै आएका गतिविधि, उठान गरेका जायज विषयहरू र समस्या समाधानका लागि गरेका पहलहरूको प्रसंशा र हार्दिक धन्यवाद ज्ञापन गर्दै आ-आफ्ना धारणा तथा रायसुझावहरू राख्नुभएको थियो । त्यसैगरी प्रस्तुत कार्यपत्रहरू अत्यन्तै सान्दर्भिक भएकोले सिबिफिनको नेतृत्वलाई अबिचलित भइ लाग्न उत्प्रेरित गर्दै हरप्रकारको साथ र सहयोग रहने र बैंकिङ क्षेत्रको सुधार तथा उन्नयनका लागि एकबद्ध भइ अगाडि बढ्ने प्रतिबद्धता समेत सहभागीहरूले व्यक्त गर्नुभएको थियो ।

सिबिफिनका महासचिव श्री केशवबहादुर रायमाझीले संचालन गर्नुभएको उक्त कार्यक्रमको अन्तमा अध्यक्ष गोल्यानले कार्यक्रममा उपस्थित भइ अमूल्य रायसुझाव र हौसला प्रदान गर्नुहुने सम्पूर्ण बैंक तथा वित्तीय संस्थाका अध्यक्ष तथा संचालकहरूलाई विशेष धन्यवाद व्यक्त गर्दै, सिबिफिनले आगामी दिनमा आयोजना गर्ने यस्तै कार्यक्रमहरूमा सबैंको भौतिक एवं नैतिक साथ, सहयोग र सहकार्यका लागि आग्रह गर्दै आफ्नो विशेष सत्कारमा आयोजित रात्रीभोजमा सरिक हुन सम्पूर्ण अध्यक्ष तथा संचालकहरूलाई अनुरोध गर्नुभएको थियो ।





# सिबिफिनका पदाधिकारीद्वारा देशको आर्थिक अवस्था सुधारका विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूसँग छलफल

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) का अध्यक्ष श्री पवनकुमार गोल्यानको नेतृत्वमा गएको प्रतिनिधि मण्डलले सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवासमक्ष भेटघाट तथा छलफल गरेको छ ।

आर्थिक वर्ष २०७९/८० को लागि प्रस्तुत बजेट कार्यान्वयनको दिशामा अग्रसर हुँदै गरेको र नेपाल राष्ट्र बैंकले समेत आगामी आर्थिक वर्षका लागि मौद्रिक नीति तर्जुमा गरिरहेको सन्दर्भमा देशको वर्तमान आर्थिक अवस्था सुधारका लागि चालिनुपर्ने नीतिगत कदमहरूको वारेमा सिबिफिनको प्रतिनिधि मण्डलले सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष भेटघाट गरी विस्तृत जानकारी गराएको छ ।

भेटघाटका क्रममा सिबिफिनले वरिष्ठ अर्थशास्त्री तथा बैंकिङविद्‌हरूको सहकार्यमा अध्ययन गरी तयार गरेका बैंक तथा वित्तीय संस्थाका अप्ठारा र चुनौतिहरू र सम्बोधनका लागि सुझावहरू-०७८, तरलता अभावका कारण र समाधानका लागि सुझावहरू-०७८, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय अर्थशास्त्र विभागसँगको सहकार्यमा तयार गरेको बैक तथा वित्तीय क्षेत्रबाट निजी क्षेत्रमा प्रवाह भइरहेको कर्जा र विप्रेषण नेपालको व्यापार घाटामा पारेको प्रभाव-०७९, लगायतका सुझावसहितका प्रतिवदेनहरू र वर्तमान समयमा जल्दाबल्दा देखिएका विभिन्न आर्थिक एवं वित्तीय क्षेत्रका महत्वपूर्ण विषयहरूमा तयार तीनमहले सुझाव समेत सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूसमक्ष हस्तान्तरण गरिएको छ ।

सिबिफिनका अध्यक्ष श्री पवनकुमार गोल्यानले कोभिड-१९ र विश्वमा घटेका विभिन्न घटनाक्रमबाट नेपालको अर्थतन्त्रमा परेका प्रभावहरूको न्यूनिकरण र समस्याग्रस्त उद्योग व्यवसायहरूको पुनरूत्थान, घरेलु, साना तथा मझौला उद्योगहरूको स्तरोन्नति, तरलताको समस्या समाधान, विप्रेषणको व्यवस्थापन, आयात-निर्यातवीचको असन्तुलन, बढ्दो व्यापार घाटा, उत्पादन तथा रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र उद्यमशिलताको विकाससहित बजेटले प्रक्षेपण गरेको ८ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने विषयमा जानकारी गराउँदै, अध्ययन प्रतिवेदनहरूले औंल्याएका

निष्कर्ष एवं सुझावहरूको सम्बोधन तथा कार्यान्वयनका लागि आवश्यक पहल गर्न सम्माननीय प्रधामन्त्रीज्यूसमक्ष विशेष आग्रह गर्नुभयो । त्यसैगरी सिबिफिनका वरिष्ठ उपाध्यक्ष एवं प्रवक्ता श्री भोजबहादुर शाहले पेश गरिएका प्रतिवेदनको निष्कर्ष तथा सुझावहरूको वारेमा प्रधानमन्त्रीज्यूसमक्ष संक्षिप्त जानकारी प्रस्तुत गर्नुभयो ।

सिबिफिनद्वारा बुझाइएका प्रतिवेदन र सुझावहरू ग्रहण गर्दै, प्रधानमन्त्री शेरबहादुर देउवाले सिबिफिनले प्रस्तुत गरेका सुझाव र प्रतिवेदनहरूले औंल्याएका कृषि क्षेत्रको सुधार, व्यापार घाटा न्यूनिकरण तथा आयात प्रतिस्थापनका उपायहरू र निर्यातजन्य वस्तुहरू, लगानीका लागि पूँजी निर्माण तथा परिचालन जस्ता विषयहरूमा विशेष जिज्ञासा राख्नुभयो । त्यसैगरी वर्तमान अवस्थामा देखिएका समग्र चुनौतिहरूको सामना गर्न र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि नेपाल सरकार निजी क्षेत्रसँग हातेमालो गर्दै अगाडि बढ्ने आश्वासन दिनुभयो ।

प्रधानमन्त्रीज्युको निजी सचिवालय, बालुवाटारमा भएको उक्त भेटघाट तथा छलफलमा माननीय राज्यमन्त्री श्री उमेश श्रेष्ठ, सिबिफिनको प्रतिनिधि मण्डलमा उपाध्यक्ष श्री राजेश उपाध्याय, महासचिव श्री केशवबहादुर रायमाझी, सचिव श्री कुशकुमार मल्ली, महानिर्देशक श्री गोपाल प्रसाद तिवारीको सहभागिता रहेको थियो । साथै, उक्त भेटघाटमा सेन्चुरी कमर्सियल बैंकका अध्यक्ष श्री राजेशकुमार श्रेष्ठको समेत सहभागिता रहेको थियो ।

नेपाल सरकारका विभिन्न निकायहरूबाट प्रकाशित प्रतिवेदनहरूमा औंल्याइएका आर्थिक एवं वित्तीय सूचकांकहरूले मुलुकको अर्थतन्त्र जटिलतातर्फ उन्मूख भइरहेको विषयले साधारण मानिसदेखि राजनीतिज्ञ, नीति निर्माता, अर्थशास्त्री र निजी क्षेत्रका व्यक्तिहरूमा समेत अर्थतन्त्रका बारेमा चिन्ता र चासो बढाएको वेलामा प्रधानमन्त्रीसमक्ष गरिएको यो भेटघाट उपलब्धिमूलक भएको सिबिफिनले ठहर गरेको छ ।

**वर्तमान अवस्थामा देखिएका समग्र चुनौतिहरुको सामना गर्न र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि नेपाल सरकार निजी क्षेत्रसँग हातेमालो गर्दै अगाडि बढ्ने आश्वासन दिनुभयो ।**



# आर्थिक बर्ष २०७९/०८० को बजेटमा घोषणा गरिएका केही प्रावधानहरू



## चालु आर्थिक वर्षको अवस्था :

- चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर ५.८ प्रतिशत हुने अनुमान । नेपालको प्रतिव्यक्ति आय १३८१ अमेरिकी डलर पुगेको । चालु आर्थिक वर्षको पहिलो नौ महिनासम्म मूल्य वृद्धि औसतमा ७.३ प्रतिशत कायम भएको ।
- व्यापार घाटा उच्च रहेको र चालु खाता घाटा वृद्धि भएको छ भने भुक्तानी सन्तुलनमा पनि चाप परेको ।
- चालु खर्च रू. ९ खर्ब ७१ अर्ब ८६ करोड अर्थात ९१.२ प्रतिशत, पुँजीगत खर्च रू. ३ खर्ब ९ करोड अर्थात ७९.४ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रू. १ खर्ब ७५ अर्ब ५६ करोड अर्थात ९२.७ प्रतिशत खर्च हुने संशोधित अनुमान ।
- चालु आर्थिक वर्षमा राजस्व परिचालन लक्ष्यको हाराहारीमा नै रही रू. झझ खर्ब ५२ अर्ब ४२ करोड संकलन हुने अनुमान, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १८ प्रतिशतले बढी ।
- चालु आर्थिक वर्ष वैदेशिक सहायता तर्फ अनुदान रू. २४ अर्ब ८१ करोड र ऋण रू. १ खर्ब ७२ अर्ब ८८ करोड परिचालन हुने । चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म रू. १ खर्ब ३५ अर्ब आन्तरिक ऋण उठाईसकिएको । चालु आर्थिक वर्षमा रू. २ खर्ब ३१ अर्ब ३० करोड आन्तरिक ऋण परिचालन हुने अवस्था रहेको ।

## आर्थिक बर्ष २०७९/८० बजेट

'उत्पादन, रोजगारी र आयात प्रतिस्थापन लगानीका आधार, दिगो बैंकिङ, उन्नत अर्थतन्त्र एवं समृद्ध नेपालको पूर्वाधार' भन्ने सिबिफिनको दोस्रो साधारण सभाको नारा र सिबिफिनले बारम्बार उठाउदै आएको आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा केन्द्रित भएर 'स्थिरता, उत्पादनशीलता र रोजगारी वृद्धिः समावेशी विकास, आत्मनिर्भरता, र आर्थिक समृद्धि' भन्ने मूल नाराका साथ आर्थिक बर्ष २०७९/८० को बजेट प्रस्तुत भएको छ ।

- कूल बजेट : १७ खर्ब ९३ अर्ब ८३ करोड रुपैयाँ ।
- कुल बजेटमध्ये पुँजीगत खर्चमा ३ खर्ब ८० अर्ब ३८ करोड (२१.२%) रूपैयाँ छुट्ट्याइएको ।
- चालु खर्चमा ७ खर्ब ५३ अर्ब ४० करोड (४२%) रूपैयाँ छुट्ट्याइएको ।
- वित्तीय व्यवस्था अन्तर्गत २ खर्ब ३० अर्ब २२ करोड (१२.८%) रूपैयाँ छुट्ट्याइएको छ ।
- प्रदेश तथा स्थानीय तहका लागि वित्तीय हस्तान्तरणअन्तर्गत ४ खर्ब २९ अर्ब ८३ करोड (२४%) रूपैयाँ छुट्ट्याइएको छ ।
- आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरू :

- राजस्वबाट रू. १२ खर्ब ४० अर्ब ११ करोड ।
- वैदेशिक अनुदानबाट रू. ५५ अर्ब ४६ करोड ।
- वैदेशिक ऋणबाट रू. २ खर्ब ४२ अर्ब २६ करोड ।
- आन्तरिक ऋणबाट रू. २ खर्ब ५६ अर्ब ।

- यस आर्थिक वर्षमा ८ प्रतिशतले आर्थिक वृद्धि हुने र मुद्रास्फीतिलाई ७ प्रतिशतमा सीमित राख्न प्रक्षेपण ।

## बजेटका उद्देश्यहरू :

स्थिरता, उत्पादनशीलता र रोजगारी वृद्धि: समावेशी विकास, आत्मनिर्भरता र आर्थिक समृद्धि भन्ने ध्येयका साथ प्रस्तुत बजेटका उद्देश्यहरु निम्नानुसार रहेका:

- उत्पादनमा आधारित अर्थतन्त्रको निर्माण गरी उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने,
- उपलब्ध प्राकृतिक स्रोत साधन, श्रम शक्ति, पुँजी र प्रविधिको एकीकृत परिचालनबाट रोजगारी सिर्जना र गरिबी निवारण गर्ने,
- वित्तीय अनुशासन कायम गर्ने र मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राखी समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने,
- प्रदेश र स्थानीय तहमा साधन र स्रोतको हस्तान्तरण गरी संघीयतालाई समृद्धिको सम्वाहकको रुपमा स्थापित गर्ने,
- आर्थिक तथा सामाजिक रुपान्तरणमार्फत सन्तुलित, समावेशी, आत्मनिर्भर एवं समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने।

## बजेटका प्राथमिकताहरू:

- कृषि क्षेत्रको रुपान्तरण,
- सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण,
- नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास,
- मानव संशाधन विकास,
- पूर्वाधार विकास र पुँजी निर्माण,
- जलविद्युत उत्पादन, प्रसारण लाइन विस्तार र ग्रामीण विद्युतीकरण,
- औद्योगिक विकास, लगानी प्रवर्द्धन र पर्यटन क्षेत्रको पुनरुत्थान,
- वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम न्यूनीकरण,
- प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन तथा आवधिक निर्वाचन,
- वैज्ञानिक अनुसन्धान र विकास ।

## सिबिफिनमार्फत पेश भइ सम्बोधन भएका व्यवस्थाहरू :

सिबिफिनले आर्थिक बर्ष २०७९/८० ले सम्बोधन गर्नुपर्ने महत्वपूर्ण १८ बुँदाहरू मिति २०७९ बैशाख २८ गतेका दिन अर्थमन्त्रालयमा पेश गरेकोमा यस बजेटमार्फत केहि सुझावहरूको सम्बोधन गरिएको भएतापनि बैंकिंग क्षेत्रका अति महत्वपूर्ण विषयहरुमा बजेट मौन देखिएको छ तसर्थ, बैंकिंग क्षेत्रका आम लगानीकर्ताको लागि बजेट कौवालाई बेल पाके जस्तै भएको महसुस गरिएको छ । तथापी, बजेटका केही सकारात्मक पक्षहरूलाई देहाय बमोजिम लिपिबद्ध गरिएको छ ।

- आयकरको सिमा वृद्धि गरि प्राकृतिक व्यक्तिको हकमा रु ५ लाख र दम्पतिको हकमा रु ६ लाख पुऱ्याइएको।
- कृषि कार्यका लागि आवश्यक पर्ने यन्त्र,उपकरण वा पाटपूर्जा उत्पादन गर्ने कृषि औजार कारखाना नेपालमा नै खोल्न प्रोत्साहन गर्ने यस्तो उद्योग स्थापना गरेमा कारोबार सञ्चालन भएको मितिले छ बर्षसम्म आयकर पूर्ण रूपमा छुट दिने

व्यवस्था ।

- आगामी वर्ष निर्यात दोब्बर गर्ने, आयात न्यूनतम २० प्रतिशतले घटाउने र आगामी पाँच वर्षभित्र व्यापार सन्तुलन कायम गर्ने ।
- स्वदेशमा उत्पादन, उपभोग र निर्यात समेतको प्रचुर सम्भावना भएको कृषि, उद्योग र जलविद्युत तथा सेवा क्षेत्रको प्रवर्द्धन गरी आयात प्रतिस्थापन र निर्यात वृद्धि गरिने। नेपालमा आयात हुने प्रमुख वस्तुहरूको गुणस्तरको मापदण्ड बनाई लागु गरिने ।
- अदुवा, अलैंची, जडिबुटी लगायतका तुलनात्मक लाभ भएका वस्तुहरु तयारी रूपमा प्रशोधन तथा ब्राण्डिङ गरी निकासी गर्न त्यस्ता वस्तुको पकेट क्षेत्रमा प्रशोधन उद्योग खोल्न थप सहुलियत प्रदान गरिने ।
- निजी क्षेत्रले सञ्चालन गरेका मेक इन नेपाल तथा मेड इन नेपाल जस्ता अभियानलाई नेपाल सरकारबाट समेत आवश्यक सहयोग उपलब्ध गराइने ।
- अल्लो, सुपारीको पात तथा केरा लगायत वनस्पतिजन्य स्वदेशी कच्चा पदार्थमा आधारित धागो, कपडा उद्योग खोल्न निजी क्षेत्रका उद्यमीहरूलाई सहुलियत प्रदान गरिने ।
- अलैची, बेसार, अदुवा, लसुन, टिम्मुर, दालचिनी, धनिँया, जीरा, खुर्सानी जस्ता मसलाजन्य वस्तुको उत्पादन वृद्धि गरी आन्तरिक माग पूर्ति गर्नुका साथै निर्यात गरिने। यस्ता उत्पादनको प्रशोधन गर्ने उद्योग सञ्चालन गर्न निजी क्षेत्रलाई सहुलिय दिइने ।
- वैदेशिक लगानी आकर्षित गर्न सम्भावित मुलुकहरूसँग द्विपक्षीय समझदारी एवं दोहोरो करमुक्ति सम्झौता गरिने। संयुक्त उपक्रम वा अन्य उपयुक्त माध्यमबाट बढि वैदेशिक लगानी भित्र्याउने व्यक्ति वा उद्यमीलाई राज्यको तर्फबाट विशेष सम्मान एवं सुविधा प्रदान गराउने ।
- निजी तथा अनौपचारिक क्षेत्र र वैदेशिक रोजगारीमा रहेका नागरिकलाई सामाजिक सुरक्षा कोषबाट सञ्चालित सामाजिक सुरक्षा योजनाहरूमा क्रमशः आवद्ध गर्दै लगिने ।
- वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई धितोपत्रको प्राथमिक निष्काशनमा दश प्रतिशत शेयर आरक्षित गर्ने व्यवस्था मिलाइएको ।
- छिमेकी मुलुक भारतमा रहेका नेपालीले नेपालस्थित बैंकमा खाता खोली बैंकिङ्ग माध्यमबाट रकम पठाउन मिल्ने व्यवस्था मिलाइने ।
- औपचारिक माध्यमबाट विप्रेषण पठाउने वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकलाई राहदानी नविकरण, कन्सुलर सेवा तथा श्रम स्वीकृति नविकरण वापत लाग्ने शुल्क वा दस्तुरमा ५० प्रतिशत छुट दिने व्यवस्था गरिने ।
- वित्तीय प्रणालीमा स्थिरता कायम गरी आन्तरिक लगानी प्रवर्द्धन गर्न र तरलता व्यवस्थापनलाई थप प्रभावकारी बनाउन खुला बजार कारोवार स्थिरीकरण कोषको व्यवस्था गरिने । विदेशी विनिमयमा हुने उतारचढावबाट नेपालमा हुने वैदेशिक लगानीमा पर्ने जोखिम न्यून गर्न हेजिङ कोष स्थापना गरिने ।
- नीतिगत तथा व्यवस्थापकीय सुधारबाट यस्ता अवरोधहरू हटाई पुँजीगत खर्चको प्रभावकारिता बढाइने ।

## बजेटमा व्यवस्थित अन्य सकारात्मक व्यवस्थाहरू :

- उत्पादनमा वृद्धिः मुलुकको विकास र समृद्धि विशेष अभियान दशक, २०७९-२०८९ सञ्चालन गरिने । नेपाली उत्पादनको वृद्धि, रोजगारी सिर्जना र निर्यात लक्षित व्यापार अभिवृद्धिका लागि प्रधानमन्त्री नेपाली उत्पादन एवं उपभोग अभिवृद्धि कार्यक्रम प्रारम्भ गरिने ।
- उत्पादनमूलक उद्योगहरु स्थापना गर्न पूर्वाधार निर्माण गर्नुका साथै मेशिनरी तथा औद्योगिक कच्चा पदार्थको आयातमा सहुलियत प्रदान गरिने । स्वदेशी कच्चा पदार्थमा आधारित र उच्च मूल्य अभिवृद्धि हुने वस्तु तथा सूचना प्रविधिसम्बन्धी सेवा निर्यात गर्ने उद्यमीहरूलाई थप प्रोत्साहन उपलब्ध गराइने ।
- प्रत्येक स्थानीय तहमा उत्पादन हुने औद्योगिक उत्पादनको सम्भावना रहेका विशिष्ट उत्पादनहरूको पहिचान गरी उत्पादकत्व र बजारीकरणमा सहयोग पुऱ्याउन एक स्थानीय तह, एक विशिष्ट उत्पादनको अवधारणा कार्यान्वयन गरिने ।

- वैदेशिक लगानी आकर्षित गर्न रू. १० करोड सम्मको वैदेशिक लगानीको स्वीकृति स्वचालित प्रणालीबाट हुने व्यवस्था मिलाइने ।
- उद्योग व्यवसाय वा प्रतिष्ठानको नाममा रहेको हदवन्दीभन्दा बढी जग्गा धितो राखी कर्जा लिन, व्यवसाय टाट उल्टेमा विक्री गरी सरकारी राजस्व तिर्न र बैंक तथा वित्तीय संस्थाको कर्जा भुक्तानी गर्न पाउने व्यवस्था गरिने।
- सहकारीको कुल लगानीको कम्तीमा ५० प्रतिशत रकम उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नुपर्ने व्यवस्था मिलाइने। सहकारी संस्थाले कम्तीमा एउटा स्वदेशी उत्पादनको खरिदबिक्री र बजारीकरणमा सहयोग गर्ने व्यवस्था मिलाइने ।
- स्थानीय तह, बैंक तथा वित्तीय संस्थाहरूसँगको सहकार्यमा विजनेस इनक्युबेशन सेन्टर मार्फत १० हजार युवालाई उद्यमशीलता तालिम प्रदान गरिने ।
- एक घरपरिवार एक रोजगार, एक बस्ती एक आर्थिक पहिचान, एक वडा एक बजारको अवधारणा कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय तहको लागत साझेदारी र निजीक्षेत्रसँगको सहकार्यमा नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन गरिने।यस कार्यक्रमलाई आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रमसँग आबद्ध गरिने। यस कार्यक्रमबाट आगामी आर्थिक वर्ष १ लाख नयाँ उद्योग तथा व्यवसाय थपिने, १ हजार ५ सय वटा नयाँ बजार केन्द्र विकास हुने, २ हजार ५ सय वटा नयाँ साप्ताहिक हाटबजार सञ्चालन हुने, १ हजार ५ सय वटा व्यापार मेला आयोजना हुने र थप १ लाख रोजगारी सिर्जना हुने ।
- वित्तीय क्षेत्रलाई राष्ट्रिय पुँजी परिचालनको महत्त्वपूर्ण आधारको रूपमा अगाडि बढाइने । उत्पादनशील क्षेत्र र व्यापारिक क्षेत्रमा प्रवाह हुने कर्जाको व्याजदरमा अन्तर कायम गर्ने नीति लिइने ।
- विपन्न व्यक्ति, दलित तथा पिछडिएको क्षेत्रका स्थायी वासिन्दाले पिछडिएको क्षेत्रमा सञ्चालन गर्ने व्यवसायमा प्रदान गरिने सहुलियतपूर्ण कर्जाको ब्याजदरमा थप एक प्रतिशत विन्दुले छुट दिइने ।
- सम्पत्ति मौद्रिकीकरण विधि मार्फत नेपाल सरकार तथा सरकारी संघसंस्थाको लगानीमा निर्माण भएका जलविद्युत आयोजना, ठूला पूर्वाधार र सार्वजनिक संस्थानहरूको मौद्रिकीकरण गरी लगानीको थप स्रोत जुटाई सम्बन्धित आयोजना, संस्थान र उत्पादनमूलक परियोजनाहरूमा लगानी गर्न साधनको व्यवस्थापन गरिने ।
- कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका पहाडी जिल्लाहरूमा १०० जनाभन्दा बढी नागरिकलाई प्रत्यक्ष रोजगारी प्रदान गर्ने गरी विशेष उद्योग स्थापना गरेमा सो उद्योगले कारोबार शुरू गरेको मितिले १५ वर्षसम्म आयकर पूर्ण रूपमा छुट दिने व्यवस्था मिलाइएको ।
- नेपाल राष्ट्र बैंकको सुपरिवेक्षकीयदायरा बाहिर रहेका वित्तीय कारोबार गर्ने बचत तथाऋण सहकारी र गैर-सरकारी संस्थाहरूको प्रभावकारी नियमन, निरीक्षणतथा सुपरीवेक्षणगर्ने दोस्रो तहको नियामकनिकाय स्थापनागरिने ।
- धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीहरूको लगानीखुलागर्न कानूनीव्यवस्था मिलाइने छ ।
- वैदेशिक रोजगारीमागएका नेपालीहरूलाई धितोपत्रको प्राथमिकनिष्काशनमादशप्रतिशत शेयर आरक्षितगर्ने व्यवस्थामिलाएको ।



# मौद्रिक नीतिका विषयमा नेपाल राष्ट्र बैंकद्वारा CBFIN लगायत अन्य सरोकारवालाहरूसँग परामर्श

आर्थिक वर्ष २०७९/८० को लागि मौद्रिक नीतिको तर्जुमा भइरहेको सन्दर्भमा नेपाल राष्ट्र बैंकले सरोकारवालापक्षहरूसँग छलफल तथा अन्तरक्रिया सम्पन्न गरेको छ ।

आगामी वर्षको मौद्रिक नीतिको विषयमा सरोकारवालाहरूबाट सुझाव संकलनका लागि आयोजित उक्त कार्यक्रममा मुलूकको अर्थतन्त्रको समग्र स्थिति मौद्रिक नीतिले सम्बोधन गर्नुपर्ने विषयहरूमा छलफल गरिएको थियो ।

कार्यक्रम नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले अहिले अर्थतन्त्रका प्रायः सबै सूचकांकमा दबाब रहेको र हाम्रो अर्थतन्त्र आयातमुखी भएकाले अर्थतन्त्रको बाह्य क्षेत्रमा निकै ठूलो दबाब बढेको बताउँदै आर्थिक एवं वित्तीय क्षेत्रमा देखापरेका संकटलाई निकास दिने र अर्थतन्त्रलाई लयमा फर्काउने गरी मौद्रिक नीति आउने बताउनुभयो । गभर्नर अधिकारीले भोलिका दिनका लागि सहज हुने, समग्र अर्थतन्त्रलाई चलायमान बनाउने र समग्र प्रणालीलाई स्थायीत्व दिने गरी राष्ट्र बैंकले मौद्रिक नीतिको तयारी गरिरहेको र मौद्रिक नीति जारी भएपछि सरकार, राष्ट्र बैंक, निजी क्षेत्र सबै मिलेर कार्यान्वयन गर्नुपर्ने र अर्थतन्त्रलाई लयमा ल्याउनुपर्नेमा जोड दिनुभयो ।



कार्यक्रम सिबिफिनका अध्यक्ष श्री पवनकुमार गोल्यानले देशको स्थिति अत्यन्तै गंभिर मोडमा रहेकोले बताउनुभयो । अर्थतन्त्रका महत्वपूर्ण आँकडाहरु नकारात्मक दिशातर्फ उन्मूख हुँदै गर्दादेखि नै सिबिफिनले नियामक निकाय, अर्थशास्त्री र निजी क्षेत्रका सरोकारवालाहरूसँग निरन्तर छलफल तथा बहस गर्दै सम्बन्धित विषयहरुमा विभिन्न विश्वविद्यालय र विषयविज्ञहरूसँगको सहकार्यमा अध्ययन तथा अनुसन्धान गरी मुख्य सुझावहरूसहितका प्रतिवेदनहरू नेपाल राष्ट्र बैंकमा पेश गर्दै आएको सो बैठकमा जानकारी गराउनु भयो ।

सिबिफिनले पेश गरेका प्रतिवेदन तथा सुझावहरूलाई समेत मध्यनजर गर्दै नेपाल राष्ट्र बैंकले उपयोगी नीतिगत व्यवस्थाहरू अवलम्बन गरी आर्थिक एवं वित्तीय सुधारको निम्ति सकारात्मक एवं सान्दर्भिक पहलकदमी लिएको भएतापनि पर्याप्त नभएकोले आर्थिक एवं वित्तीय क्षेत्रमा देखिएका समग्र समस्थाहरूको सम्बोधन गर्ने र विग्रदो अर्थव्यवस्थालाई ट्र्याकमा ल्याउने गरी मौद्रिक नीति आउनुपर्नेमा अध्यक्ष गोल्यानको विशेष जोड रहेको थियो ।

त्यसैगरी सिबिफिनका वरिष्ठ उपाध्यक्ष श्री भोजबहादुर शाहले विभिन्न अध्ययनबाट निस्किएका निष्कर्षहरूका आधारमा सिबिफिनले आगामी मौद्रिक नीतिका विषयमा समेत महत्वपूर्ण सुझावहरू नेपाल राष्ट्र बैंकलाई बुझाइसकेको र उक्त सुझावहरू आगामी मौद्रिक नीतिले यथोचित सम्बोधन गर्ने अपेक्षा समेत व्यक्त गर्नुभयो । राष्ट्रको अर्थतन्त्रमा देखिएका समस्याहरूको उचित निकाससहित सबल र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि जिम्मेवार निकायहरू र सरोकारावाला सम्पूर्ण पक्षहरूको वीचमा निरन्तर सहकार्य र परस्पर सहयोगको जरूरी रहेको रहेको धारणा व्यक्त गर्नुभयो । साथै सिविफिनको तर्फबाट तयार पारिएको सुझावहरू र गर्भनर श्री महाप्रसाद अधिकारी र आर्थिक तथा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाश श्रेष्ठलाई हस्तान्तरण समेत गर्नुभयो । उक्त अन्तरक्रिया कार्यक्रममा सिबिफिनबाट उपाध्यक्ष श्री राजेश उपाध्याय र महासचिव श्री केशवबहादुर रायमाझीको समेत सहभागिता रहेको थियो । उक्त कार्यक्रममा विभिन्न संघ/संस्थाबाट सहभागी भएका प्रतिनिधिहरूले समेत आ-आफ्नो धारणा व्यक्त गरेका थिए ।



# सिबिफिन र प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको संयुक्त आयोजनामा अर्थतन्त्रका समस्या र निकासका विषयमा उच्चस्तरीय छलफल तथा अन्तर्क्रिया

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) र प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको संयुक्त आयोजनामा तथा माननीय मन्त्रीज्यूहरू, मुख्य सचिव, विभिन्न मन्त्रालयका सचिवहरू, बैंक तथा वित्तीय संस्थाका अध्यक्ष एवं संचालकहरू, व्यवसायिक संघ/संस्थाका प्रतिनिधिहरूको सहभागितामा देशको अर्थतन्त्रले भोगिरहेका समस्या र समाधानका उपायहरूका विषयमा उच्चस्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका माननीय राज्यमन्त्री उमेश श्रेष्ठले विषयवस्तुमाथि प्रकाश पार्दै मुलुकको अर्थतन्त्र अहिले अप्ठ्यारो अवस्थामा रहेकोले हामी सबैले हातेमालो गरी वर्तमान चुनौतीको समाधानको बाटो खोज्नुपर्ने बताउनुभयो । राज्यमन्त्री श्रेष्ठले पेट्रोलियम पदार्थको आयात र उपभोगको दर बढ्दै जाँदा विदेशी मुद्रा सञ्चितिमा ह्रास आएको तथा स्वदेशी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने क्षेत्रमा लगानी बढ्न नसकेकोमा चिन्ता व्यक्त गर्नुभयो । वहाँले भन्नुभयो, ' हामीले वित्तीय क्षेत्रलाई बलियो र दिगो बनाउन जलविद्युत, कृषि, घरेलु, साना तथा मझौला उद्योग(SMEs) स्वास्थ्य तथा शिक्षा जस्ता सम्भावित क्षेत्रहरूमा ध्यान केन्द्रित गर्न आवश्यक छ, त्यसका लागि हामी सबै मिलेर अगाडि बढ्नुपर्दछ ।' वर्तमान चुनौतीलाई सम्बोधन गर्नका लागि विभिन्न मन्त्रालयबाट ल्याइएका वातावरणीय सुधारका नीतिहरु अहिलेको आवश्यकता भएको बताउँदे अर्थतन्त्रलाई चलायमान र दिगो बनाउन उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्ने विषयमा जोड दिनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडुले अर्थतन्त्रमा देखिएको असहजताप्रति चिन्ता प्रकट गर्दै, कृषि तथा वनमा आधारित उत्पादनको गुणस्तरमा सुधार गर्ने, उत्पादनको लागत घटाउने र निर्यात बढाउनेतर्फ विशेष ध्यान दिनुपर्ने बताउनुभयो । 'हामीले एकद्वार प्रणाली लागू गरेको भएतापनि लगानीकर्ताहरूले अपेक्षा गरेअनुरूप सहज सुविधा पाउन नसकेकोप्रति चासो राख्दै, यसका लागि सरोकारवालाहरूसँगको परामर्श र सुझावबाट समाधान उन्मूख हुने विषयमा प्रकाश पार्नुभयो । उत्पादनशील क्षेत्र बलियो हुनुपर्ने र त्यसका लागि वित्तीय क्षेत्रलाई समेत बलियो बनाइ लगानी बढाउन जरूरी रहेको बताउनुभयो । ' वर्तमान अर्थतन्त्रको अवस्थालाई गंभिररूपमा मनन गर्दै आर्थिक एवं वित्तीय क्षेत्रमा महत्वपूर्ण योगदान गरिरहेका व्यवसायिक तथा वित्तीय क्षेत्रसँग सहकार्य गर्दै अगाडि बढ्न सरकार तयार छ, मन्त्री बडूले भन्नुभयो ।

त्यस्तै मुख्य सचिव शंकर बैरागीले क्षेत्रगत सुधारका लागि विभिन्न मन्त्रालयले मिलेर काम गर्नुपर्नेमा सुझाव दिनुभयो । वहाँले आ-आफ्नो क्षेत्रबाट सेवाग्राहीको आवश्यकता र अपेक्षा अनुसारको सेवा प्रवाह गर्न/गराउने विषयमा नेपालमा उपयुक्त सूचना प्रवाह प्रणाली विकासगरी सबै मन्त्रालय र सरोकारवाला हामी सबै मिलेर काम गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. विश्व

पौडेलले व्यापार र लगानीको लागि भन्सार प्रशासनमा सुधार गर्नुपर्ने बताउँदै हाम्रो अर्थतन्त्रको सुधार तथा सबलीकरणका लागि स्थानीय ज्ञान, सीप र उत्पादनको उपयोगमासधैं ध्यान केन्द्रित गर्नुपर्ने विषयमा जोड दिनुभयो ।

सिबिफिनका अध्यक्ष पवन कुमार गोल्यानले कार्यक्रमको उद्देश्यका बारेमा प्रकाश पार्दै अर्थतन्त्र अहिले गम्भीर अवस्थामा रहेकाले अहिलेको संकट समाधानका लागि नेपाल सरकार, माहतका निकायहरू, विभिन्न व्यवसायिक क्षेत्रका संस्थाहरू, बैंक तथा वित्तीय संस्थाहरूले मिलेर काम गर्नुपर्ने बताउनुभयो । मुलुकको आर्थिक परिसूचक सकारात्मक नभइरहेको अवस्थामा सिबिफिनले त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रीय विभागसँगको सहकार्यमा बिप्रेषण र बैंक तथा वित्तीय क्षेत्रबाट निजी क्षेत्रमा जाने कर्जाले व्यापार घाटामा पारेका प्रभावका विषयमा अध्ययन गरी प्रतिवेदनसमेत सम्बन्धित निकायहरूमा पेश गरिसकेको उल्लेख गर्दै उक्त अध्ययन प्रतिवेदनले औल्याएका सुझावहरु नीतिगतरूपमा सम्बोधन गरिनुपर्नेमा जोड दिनुभयो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव दिनेश भट्टराई तथा लक्ष्मण अर्याल, अर्थ मन्त्रालयका सचिव मधुकुमार मरासिनी, सूचना तथा सञ्चार प्रविधि मन्त्रालयका सचिव डा. वैकुण्ठ अर्याल, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. गणेशप्रसाद पाण्डेय, राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीलगायतले व्यापार तथा व्यवसायिक क्षेत्रले उठाएका विषयवस्तुहरू सकारात्मक रहेका बताउँदै कर्जामा सहज पहुँच, बजार व्यवस्थापन, भन्सार कठिनाइ र अन्य प्रशासनिक प्रक्रियामा देखिएका वास्तविक समस्याहरूको पहिचान गरी समाधानतर्फ उन्मूख हुन सरकारका निकायहरू सकारात्मक रहेको र समग्र अर्थतन्त्र सुधार गर्ने विषयमा सामुहिकरूपमा लाग्नु पर्ने साझा धारणा व्यक्त गर्नुभएको थियो ।



ईपानका पूर्व अध्यक्ष शैलेन्द्र गुरागाईले जलविद्युत खरिद विक्रीका क्षेत्रमा निजी क्षेत्रलाई अनुमति दिइनुपर्ने, जलविद्युतका लागि पीपीए ग्यारेन्टी गरिनुपर्ने र निजी क्षेत्रको प्रवर्द्धन गर्न मन्त्रालयबाटै सहजीकरणको पहल गर्नुपर्ने बताउनुभयो । वहाले अहिले जलविद्युत् क्षेत्रले ऊर्जा निकासी गरेर विदेशी मुद्रा आर्जन गर्न थालेको छ, त्यसैले निजी क्षेत्रका विद्युत् उत्पादकलाई सरकारबाट आवश्यक प्रोत्साहन तथा उर्जा निकासीमा समेत अवसर दिनुपर्ने बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष तथा राष्ट्रिय व्यवसायिक पहलका अध्यक्ष कुशकुमार जोशी, कुमारी बैंकका अध्यक्ष अमिरप्रताप राणा, नेपाल उद्यमशील महिला महासंघकी अध्यक्ष देविका बुढाथोकीलगायतले राष्ट्रलाई

आत्मनिर्भर उन्मूख गराउन र रोजगारीका अवसर सृजना गर्न महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका स्थानीय उद्योग व्यवसायको प्रवर्द्धनका लागि सरकारले विशेष सहयोग र सहजीकरण गर्नुपर्ने औल्याउनुभयो । त्यसैगरी उक्त कार्यक्रममा आवश्यक वस्तुको उत्पादनमा भइरहेको कमी, बैंक तथा वित्तीय क्षेत्रको लगानी र प्रतिफल, आर्थिक, वित्तीय एवं व्यवसायिक क्षेत्रको सुधार तथा स्तरोन्नतिका लागि सरकारबाट हुनुपर्ने सहजीकरण तथा सहकार्य, स्थानीय उत्पादनहरूमा वृद्धि, निर्यात प्रवर्द्धन, वस्तुको उचित मूल्य निर्धारण, ब्रान्डिङ, गुणस्तर नियन्त्रण, कच्चा पदार्थको उपलब्धता, बजार व्यवस्थापन तथा विकास, अन्तर्राष्ट्रिय मान्यता तथा अभ्यासहरूको प्रयोग, करसम्बन्धी समस्या, मूल्य अभिवृद्धि, प्रविधि विभिन्न क्षेत्रसँग सम्बन्धित अन्तराष्ट्रियस्तरका प्रयोगशालाको दिगो व्यवस्थापन लगायतका विषयहरूमा रहेका समस्या र समाधानका उपायहरूका वारेमा समेत व्यापक छलफल भएको थियो ।

अन्तरक्रिया कार्यक्रममा सहभागी सबैलाई आयोजक संस्थाकोतर्फबाट आभार व्यक्त गर्दै सिबिफिनका वरिष्ठ उपाध्यक्ष भोजबहादुर शाहले तरलता संकट, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन, लगानी व्यवस्थापन, व्यापार घाटाको न्यूनिकरण, उत्पादन तथा रोजगारीमा अभिवृद्धि गर्ने उद्योग तथा व्यवसायिक क्षेत्रलाई सहज कर्जाको उपलब्धतामा टेवा पुऱ्याउनेलगायतका विषयलाई सिबिफिनले निरन्तर उठाइरहेको र नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय र प्रधानमन्त्रीज्यूसँगको भएको भेटघाट तथा छलफल गरी आर्थिक स्रोतको व्यवस्थापन विषयमा उपायहरूसहित ध्यानाकर्षण गराएको बताउनुभयो । 'सिबिफिनले गरेको अध्ययनले पनि अहिलेको कठिनाइबाट अर्थतन्त्रलाई लयमा फर्काउनका लागि होसियारीपूर्वक ऋण दिन, उत्पादनशील क्षेत्रमा बढी लगानी गर्न, उत्पादनशील क्षेत्रमा रेमिट्यान्सको सही सदुपयोग गर्न सुझाव दिएको छ,' शाहले भन्नुभयो ।

माननीय राज्यमन्त्री उमेश श्रेष्ठको अध्यक्षता सम्पन्न भएको उक्त छलफल तथा अन्तरक्रिया कार्यक्रममा माननीय मन्त्री, राज्यमन्त्री, मुख्य सचिव, विभिन्न मन्त्रालयका ६ जना सचिवहरू र विभिन्न संघ संस्थाका प्रतिनिधिहरू गरी ४२ जनाको सहभागिता रहेको थियो ।

# सिबिफिन र त्रिविवि केन्द्रीय अर्थशास्त्र विभागद्वारा तयार भएको संयुक्त अध्ययन प्रतिवेदन सार्वजनिक  तथा मौद्रिक नीति बारे सुझावहरूको जानकारी




बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) ले आगामी मौद्रिक नीति, ०७९/८० को विषयमा नेपाल राष्ट्र बैंकमा बुझाएको सुझावहरू र विप्रेषण तथा बैकिङ क्षेत्रबाट प्रवाह हुने कर्जाले व्यापार घाटामा परेको प्रभाव विषयक अध्ययन प्रतिवेदन असार २३ गते, एलफ्ट होटल, काठमाडौंमा पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ ।

पत्रकार सम्मेलनमा सहभागी सिबिफिनका पदाधिकारी तथा पत्रकारहरूलाई स्वागत गर्दै सिबिफिन वरिष्ठ उपाध्यक्ष एवं प्रवक्ता भोजबहादुर शाले कार्यक्रम आयोजना गर्नुको औचित्य र आवश्यकतामाथि प्रकाश पार्नुभयो । वहाँले अर्थतन्त्रका महत्वपूर्ण आँकडाहरु ऋणात्मक दिशातर्फ उन्मूख हुँदै गर्दाको समयदेखि नै सिबिफिनले सान्दर्भिक विषयहरूमा नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र सरोकारवाला पक्षहरूहरूसँग छलफल, बहस र अन्तरसंवाद गर्दै आर्थिक क्षेत्रका विभिन्न विषयहरूमा विभिन्न विश्वविद्यालय र विषयविज्ञहरूसँगको सहकार्यमा अध्ययन तथा अनुसन्धान गरी सुझावसहितका प्रतिवेदनहरू सम्बन्धित निकायहरूमा पेश गरी ध्यानाकर्षण गराउँदै आएको जानकारी गराउनुभयो । वहाँले अर्थतन्त्रमा देखापरिरहेका समग्र समस्या एवं चुनौतिहरूको न्यूनिकरण तथा समाधानका लागि आमरूपमा जाग्नुपर्ने बेला पनि आएकोले संचारजगतमार्फत संस्थागत सुझावहरू र अध्ययन प्रतिवेदनका निष्कर्षहरूको महत्व र आवश्यकताका विषयमा आमजनता माझ जानकारी गराउन पत्रकार सम्मेलन गरिएको बताउनुभयो ।

उक्त पत्रकार सम्मेलनको अध्यक्षता गर्नुभएका सिबिफिनका अध्यक्ष पवनकुमार गोल्यानले अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै विगत केही समयदेखि नै अर्थतन्त्रका महत्वपूर्ण सुचकहरू ऋणात्मक दिशातर्फ उन्मूख हुँदै गएको विषय औल्याउनुभयो । सरकार, नियामक निकाय र सरोकारवाला सबै सचेत हुँदै खस्किदै गएको अर्थव्यवस्थाको सुधारका लागि एकाकार भइ लाग्नुपर्नेमा अध्यक्ष गोल्यानको विशेष जोड रहेको थियो । वहाँले बिप्रेषण आप्रवाहमा भइरहेको कमी, चुर्लिंदै गएको आयात, र उत्पादकत्व वृद्धि एवं नेपाली उत्पादनको उपयोगमा गरिएको उपेक्षाले देशको आर्थिक अवस्था कमजोर बन्दै गएको बताउदै, मूल्य अभिवृद्धि गर्ने उद्योग तथा क्षेत्रलाई सरकार, बैंकिङ क्षेत्र र अन्य सरोबारवाला क्षेत्रले प्राथमिकता दिनुपर्ने, बैंक तथा वित्तीय संस्थाहरूले पनि उत्पादनमूलक क्षेत्रमा सहुलियतपूर्ण व्याजदरमा कर्जा प्रवाह गर्न सक्ने वातावरणसहितको मौद्रिक नीति आउनुपर्ने बताउनुभयो ।

पत्रकारहरूले राखेका जिज्ञासाहरूवारे समेत जानकारी दिंदै अध्यक्ष गोल्यानले सय रुपियाँ विप्रेषण आयो भने १०४ रुपियाँ



उपभोगमा खर्च गर्ने बानीमा सुधार गर्नुपर्ने बताउँदै घरेलु तथा साना उद्योगले उत्पादन गरेका वस्तुहरूको अन्तर्राष्ट्रियस्तरमा बजार राम्रो भए पनि त्यसको प्रशोधन, बजारीकरण र ढुवानी व्यवस्थित गर्न नसकिएको बताउनुभयो । जनशक्ति निर्यात गर्दै आफ्ना खेतबारी बाँझो राखेर र आयात गरेर खाने प्रवृत्तिले देश नबन्ने र सेवा उद्योगमा लगानी केन्द्रीत हुने नीतिले देशको अर्थतन्त्र फस्टाउन नसक्ने वहाँको भनाइ थियो । वहाँले समस्या बताएर मात्र होइन, अब समाधानतर्फ सम्बन्धित निकायहरू र सरोकारवाला पक्षहरू एकजुट भएर लाग्न, उत्पादनमुखी क्षेत्रमा लगानी विस्तार गर्न र नेपाली उत्पादनको उपभोग गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा जुट्न आग्रह समेत गर्नुभयो ।

त्यसैगरी सिविफिन कार्यसमितिका सदस्य उपेन्द्र पौडेलले सशस्त्र द्वन्द्वकालमा समेत आर्थिक संकटको सामना नगरेको नेपालको अर्थतन्त्रको अवस्था श्रीलंकाको जस्तो नभएको भएतापनि सतर्क हुनुपर्ने बेला आएको बताउँदै बैंक तथा वित्तीय संस्थाको लगानी उत्पादनमा केन्द्रीत हुनुपर्ने बेला भने आएको बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रीय विभागका सहप्राध्यापक डा. रमेशचन्द्र पौडेलले पत्रकारहरूले राखेका प्रतिवेदनसँग सम्बन्धित जिज्ञासावारे धारणा राख्दै मानिसहरूमा बचत गर्ने बानीको विकास नगर्दा र उपयोगमा रमाउने प्रवृत्तिमा नियन्त्रण नगर्दा अहिले समस्या देखिएको बताउनुभयो । वहाँले रेमिटान्सको रकम संचिती गर्ने र उत्पादनमूलक उद्योग तथा क्षेत्रमा लगानी गर्ने आकर्षणसहितका नीति अख्तियार गर्न नियामक निकायहरूलाई सुझाउनुभयो ।

कार्यक्रमको अन्ततिर पत्रकार सम्मेलनमा उपस्थित सम्पूर्ण संचार माध्यम तथा सचारकर्मीहरूलाई धन्यवाद ज्ञापन गर्दै सिबिफिनका उपाध्यक्ष राजेश उपाध्यायले सिबिफिनसँग सहकार्य गरी अध्ययन तथा प्रतिवेदन तयारीको नेतृत्व गर्नुहुने त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापाक डा. रमेशचन्द्र पौडेललाई विशेष धन्यवाद ज्ञापन गर्नुभयो । कार्यक्रमको समापन गर्दै उपाध्यक्ष उपाध्यायले विदेशबाट आएको रकम विदेशी वस्तुकै आयातमा विदेशिएकोले नेपाली उत्पादनहरूको अभिवृद्धि र उपभोग गरी आयात घटाउन, उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार गर्न, सरकारको साधारण खर्चमा व्यापक कटौती गरी पूँजीगत खर्च बढाउन र वर्तमान आर्थिक अवस्थाको सुक्ष्म मूल्यांकन गरी सरोकारवालाहरूले सुझाएका सुझावहरूको यथोचित सम्बोधन गर्न नियामक निकायहरूलाई आग्रह गर्नुभयो ।

सिबिफिनका महानिर्देशक गोपाल प्रसाद तिवारीले संचालन गर्नुभएको उक्त पत्रकार सम्मेलनमा विभिन्न ५० संचारमाध्यमहरूबाट ७० भन्दा बढि संचारकर्मीहरूको उपस्थिति रहेको थियो ।



